आज मिति २०८३/०५/१० गतेका दिन यस मेल्लेख गाउँपालिकाका अध्यक्ष श्री ज्वाला सिं. साउँदज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहायका निर्णयहरु पारित गरियो ।

उपस्थिति :

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | ज्वाला सिं साउँद | अध्यक्ष | |
| २. | नृप बहादुर खड्का | उपाध्यक्ष | |
| ३. | दिल बहादुर धामी | वडा अध्यक्ष (१) | |
| ४. | कुशल राज बुढा | वडा अध्यक्ष (२) | |
| ५. | नौले रावल | वडा अध्यक्ष (३) | |
| ६. | चन्द्र बहादुर साउँद | वडा अध्यक्ष (४) | |
| ७. | प्रकाश बहादुर अधिकारी | वडा अध्यक्ष (५) | |
| ८. | तिलक बहादुर कडायत | वडा अध्यक्ष (६) | |
| ९. | प्रेम बहादुर महर | वडा अध्यक्ष (७) | |
| १०. | महेश ठकुल्ला | वडा अध्यक्ष (८) | |
| ११. | चंखे आउजी | का.पा. सदस्य | |
| १२. | नृपराज ताम्राकार | का.पा. सदस्य | |
| १३. | अमरिता देवी सुनार | का.पा. सदस्य | |
| १४. | डिला देवी धामी | का.पा. सदस्य | |
| १५. | लालसरा कुमारी बि.क. | का.पा. सदस्य | |
| १६. | सुनिता देवी शाही | का.पा. सदस्य | |
| १७. | धौल राम सार्की | प्रमुख प्रशासकीय अधिकृत | |

आ.व.०८३/८४को  दोश्रो कार्यपालिका बैठकका प्रस्तावहरु

१-उच्च मूल्य कृषि उथानशील कार्यक्रमको वडा छनौट सम्वन्धमा

२-विविध

क- पूर्वाधार शाखाको जिम्मेवारी दिने सम्वन्धमा

ख- काज खटाउने सम्वनधमा

ग- ठेक्काको म्याद थप गर्ने सम्वन्धमा

घ- वहुवर्षिय ठेक्का सम्फौता गर्ने सम्वन्धमा

ङ- अध्यक्ष कप भलिवल प्रतियोगिता सम्वन्धमा

च- नियमावली कार्यविधि मापदण्ड निर्माण र संसोधन सम्वन्धमा

छ -वास प्लान निर्माण सम्वन्धमा

ज- ५ वर्षे विकास निर्माणको भिडियो डकुमेन्ट्री निर्माण सम्वन्धमा

निर्णय न १- प्रस्ताव न.१ मा छलफल गर्दा उच्च मूल्य कृषि उत्थानशील कार्यक्रम सञ्चालन गर्न वडा न ७, वडा न. ५ र वडा न.४ छनौट गर्ने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय न.२ (क)-प्रस्ताव न.२क मा छलफल गर्दा  मेल्लेख गाउँपालिकामा कार्यरत ईन्जिनीयर(सातौ)को श्री खडक वहादुर धामीको मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सुदुर पश्चिम सरकार कैलाली धनगढीको मिति २०८३/०५/०४च.न. २१०को प्राप्त पत्रवाट मिति २०८३/०२/२० गते देखि लागु हुने गरि २०८५/०८/०३ सम्म २वर्ष ६महिना तलवी अध्ययन विदा स्वीकृत भईआएकोले पूर्वाधार शाखा(प्राविधिक)को काम काज गर्न प्राविधिक अधिकृत तह छैठौ श्री राजन खडका लाई जिम्मेवारी दिने निर्णय सर्व सम्मतवाट पारित गरियो ।

निर्णण न.२(ख)-प्रस्ताव न.२ख मा छलफल गर्दा वडा न२मा कार्यरत वडा सचिव(सव ईन्जिनीयर) श्री राजेन्द्र वुढा लाई प्राविधिक शाखामा काजमा ल्याउने र वडा न.२मा वडा सचिवको वैकल्पीक व्यवस्था गर्ने निर्णाय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय न २ग- प्रस्ताव न.२ग मा छलफल गर्दा मेल्लेख गाउँपालिका वडान.५मा निर्माणाधिन १५शय्रया अस्पतालको मिति२०८३/०३/३० अषाढ मसान्त देखि २०८३/०९/२९ पौष मसानत सम्म म्याद थप गर्ने र अस्पतालको सामन्नेमा दक्षिण पश्चिममा रहेको पहाडको ढिस्को कटिङ गनुपर्ने भएकोले लागत

इष्टमेट नवढने गरि भेरिएशन गर्न ईन्जिनीयर श्री राजन खडकालाई अख्तियारी दिने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय न.२घ-प्रस्ताव न.२(घ)मा छलफल गर्दा वहुवर्षिय ठेक्का समझौत सम्वन्धमा छलफल गर्दा संघीय सम्पूरक अनुदान अर्न्तगत मेल्लेख गाउँपालिका वडा न.१चण्डिका मा.वि.को ६कोठे भवन कमगत योजना ७ करोड र चौखुट्टे गाज्रा ऋषिदह स्तरवृद्धि कमागत योजना ९करोड योजना ठेक्का सम्कौता गर्न आवयक तयारी गर्न पूर्वाधार र योजना शाखालाई निर्देशन दिने र योजना लागत इष्तिमेट स्वीकृत गरि योजना सम्झौत गर्न प्रमुअ प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय न. २(ङ)-प्रस्ताव न.२(ङ) मा छलफल गर्दा अध्यक्ष कप भलिवल प्रतियोगितामा देहाय वमोजिमको खेल आयोजक तथा व्यवस्थापन समिति गठन गर्ने र सह-आयोजकमा राम वोहरा स्मृति कल्व राख्ने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

तपसिल

१ संयोजक श्री प्रकाश अधिकारी( वडा अध्यक्ष ५)

२ सदस्य श्री प्रेम वहादुर महर( वडा अध्यक्ष ७)

३ सदस्य श्री तिलक वहादुर कठायत(वडा अध्यक्ष ६)

४ सदस्य श्री ललिता वि.क.(का.पा.सदस्य)

५ सदस्य श्री प्रेम वुढा (पालिका कर्मचारी)

६ सदस्य श्री भुवन वुढा पालिका कर्मचारी

७ सदस्य श्री प्रेम वोहरा कल्व

८सदस्य श्री गोकूल वोहरा कल्व

९सदस्य सचिव श्री विरेन्द्र वहादुर खडका

निर्णय न.२(च)-प्रस्ताव न.२च मा छलफल गर्दा यस पालिकालाई आवश्यक पर्ने विभिन्न २० वटा ऐन वनिसकेकोले आवश्यक पर्ने नियमावली र कार्यविधिहरु पहिले वनिसकेका संसोधन गनुपर्ने संसोधन गर्ने र नयाँ वननउनु पर्ने भए नयाँ निर्माण गर्न विज्ञको सल्लाह लिएर वनाउने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय न.२(छ)-प्रस्ताव न.२छ मा छलफल गर्दा यस मेल्लेख गाउँपालिकाको खानेपानी तथा स्वच्छता सरसफाई योजना( वास पलान) वनाउनु पर्ने भएकोले शशर्त वजेटमा नपुग रकम सेवा परामर्श शिर्षकवाट थप्ने गरि वास पलान वनाउन सूचना प्रकाशन गर्ने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

निर्णय न.२(ज) -प्रस्ताव न.२(ज)मा छलफल गर्दा यस मैल्लेख गाउँपालिकाको ४वर्षे कार्यकालको र हाल सम्म भईरहेका योजना तथा अनुकरणीय कार्यक्रमको भिडियो डकुमेन्ट्री वनाउने निर्णय सर्वसम्मतवाट पारित गरियो ।